०७,मंसिर,२०७८
सितापाईला, काठमाण्डौ ।

यस डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले कार्यस्थलमा प्रत्यक्ष रूपमा सदस्यहरूसँग सरोकार राख्ने बरिष्ठ कार्यक्रम सहायकहरूको क्षमता अभिवृद्धि गर्न थप तालिम दिई सक्षम र सबल बनाउनु आवश्यक महशुस गरी मिति २०७८ मंसिर ०१ देखि ०२ सम्म र मंसिर ०४ देखि ०५ गते सम्म सितापाईला, काठमाण्डौमा Enhance Confidence and Productivity बिषयक तालिम संचालन गरिएको थियो । उक्त तालिममा संस्थाका का.मु. मुख्य प्रबन्धक श्री ज्ञानेन्द्रप्रसाद अर्यालले सहभागीहरूलाई स्वागत मन्तब्य राख्नु भएको थियो ।




उक्त कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले सहभागीहरूलाई यस संस्थाको भबिष्यको कार्ययोजना सम्बन्धी जानकारी दिनुभएको थियो भने संस्थाका का.मु. सहायक महाप्रबन्धक श्री हेमकुमार काफ्लेले कार्यक्रमका फिल्ड सहायकको काम र कर्तव्यको बारेमा र कर्जा, सञ्चालन तथा निरीक्षण विभागको विभागीय प्रमुख श्री पवनराज पाठकले कर्जा कमिटिको काम र कर्तव्यकाबारेमा तालिम दिनुभएको थियो ।




साथै श्रोत ब्यक्तिका रूपमा आउनु भएका श्री मेघराज गजुरेलले Risk and Delinquency Management तथा श्री सुदन सिलवालले धितो कर्जा लगानी प्रक्रिया बारेमा तालिम दिनु भएको थियो भने संस्थाकै विभागीय प्रमुख तथा बरिष्ठ अधिकृतले यस तालिममा स्रोत व्यवस्थापक रूपमा तालिम दिनु भएको थियो । यस तालिममा जम्मा ३६ जना बरिष्ठ कार्यक्रम सहायकले भाग लिएका थियो ।